# कानूनी सल्लाहकार सेवाले गर्नुपर्ने कार्यहरु (TOR)

## A. Scope of Work (कार्य क्षेत्र)

**कानुनी सल्लाहकारले वित्तीय संस्थालाई निम्नानुसार कानुनी सेवा उपलब्ध गराउनु पर्नेछ :**

- वित्तीय संस्थालाई आवश्यक पर्ने कानुनी राय, सुझाव तथा परामर्श लिखित वा मौखिक रूपमा प्रदान गर्ने ।
- अदालत, अर्धन्यायिक निकाय तथा अन्य सरकारी निकायहरूमा वित्तीय संस्थाको तर्फबाट बहस पैरवी गर्ने तथा आवश्यक कानुनी प्रतिनिधित्व गर्ने ।
- कानुनी सल्लाहकारले वित्तीय संस्थासँग सम्बन्धित कुनै मुद्दा मामिलाको सन्दर्भमा वित्तीय संस्थाको तर्फबाट अदालत पेश गर्नुपर्ने लिखित, कागजातको मस्यौदा तयार गरी त्यसमा प्रमाणित गर्न दर्ता गराउन वा दर्ताका लागि मद्दत गर्न वित्तीय संस्थाको तर्फबाट कानुन व्यवसायीको हैसियतले बहस पैरवी गर्नु पर्नेछ ।
- वित्तीय संस्थामा कार्यरत स्थायी कानुनी जनशक्तिले वित्तीय संस्थाको तर्फबाट तयार गरेको कानूनी लिखत चेक जाँच गरि राय सुझाव गर्नु पर्नेछ ।
- यस वित्तीय संस्थालाई आवश्यक पर्ने सहकारी ऐन, कम्पनी ऐन, नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गलाई जारी गरिएको निर्देशन, बैंक तथा वित्तीय संस्था ऐन, धितोपत्र बोर्ड सम्बन्धी ऐन र अन्य यस वित्तीय संस्थासँग सम्बन्धित नीति नियमहरुको कुनै प्रावधानका बारेमा दुविदा भएका त्यस बिषयमा आवश्यक कानुनी राय दिनु पर्नेछ ।
- मुद्दा, निवेदन, प्रतिउत्तर, सम्झौता, लिखत, कानुनी कागजात तथा अन्य आवश्यक मसौदाहरू तयार गर्ने ।
- वित्तीय संस्थाको कार्य तथा गतिविधिहरू प्रचलित कानुन, नीति तथा नियामकीय निर्देशन अनुरूप सञ्चालन भए/नभएको सम्बन्धमा राय सुझाव दिनेछ ।
- वित्तीय संस्थामा कार्यरत कानुनी तथा अन्य कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम, गोष्ठी, सेमिनार तथा प्रशिक्षण कार्यक्रममा संस्थाले आमन्त्रण गरेमा सहजिकरण गर्नु पर्नेछ ।
- संस्थाको आवश्यकताअनुसार उपसमिति, विज्ञ समूह वा बैठकहरूमा सहभागी भई कानुनी सहजीकरण गर्ने ।
- वित्तीय संस्थाको अनुरोध अनुसार अन्य आवश्यक कानुनी सेवा तथा राय उपलब्ध गराउने ।

## B. LIABILITY (सेवा प्रदायकको दायित्व)

**काननी सल्लाहकार सेवा प्रदायकका दायित्वहरू निम्नानुसार रहनेछन ।**

- सेवा प्रदान गर्दा प्रचलित नेपाल कानून, पेशागत आचारसंहिता तथा नियामकीय व्यवस्था पूर्ण रूपमा पालना गर्ने ।
- वित्तीय संस्थाको गोपनीय सूचना, कागजात तथा विवरण सुरक्षित राख्ने र पूर्व स्वीकृति बिना तेस्रो पक्षलाई खुलासा नगर्ने ।
- अन्य संस्था वा निकायमा समान प्रकृतिको सेवा प्रदान गर्दा सम्भावित स्वार्थ बाझिने अवस्था भएमा वित्तीय संस्थालाई पूर्व जानकारी गराउने ।
- वित्तीय संस्थाले माग गरेको समयमा आवश्यक काननी सेवा तथा परामर्श उपलब्ध गराउने ।
- काननी सेवा प्रदान गर्दा उच्च स्तरको पेशागत दक्षता, निष्पक्षता तथा जिम्मेवारी कायम गर्ने ।
  संस्थाको हित विपरीत हुने कुनै कार्य नगर्ने तथा संस्थाको नाम वा हैसियत प्रयोग गरी व्यक्तिगत लाभ नलिने ।